का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ७१

❒ १२ बैशाख २०७७, शुक्रबार

❒ 24 April 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ४७ जना | ९ जना | ९१९९ | ८६ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २६ लाख ५६ हजार | ७ लाख २७ हजार | एक लाख ८५ हजार | १७ लाख ४३ हजार |

# अध्यादेशले एकता

■ बन्यो जनता समाजवादी पार्टी नेपाल ■ समानताको आधारमा पार्टी नेतृत्व

■ नयाँ पार्टीको झण्डा समाजवादी पार्टीले प्रयोग गर्दै आएको र निर्वाचन चिन्ह राजपाले प्रयोग गर्दै आएको रहने

विवादित अध्यादेशलाई आधार बनाएर रेणु यादवको नेतृत्वमा पार्टी विभाजनको संकेत पाए लगत्तै रातारात समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) बीच पार्टी एकीकरण भयो । बुधबार मध्यरात दुई पार्टी बीच एकीकरण गरी जनता समाजवादी पार्टी बनेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

दल विभाजन गर्न खुकुलो प्रावधान सहित आएको अध्यादेशको वैधानिक आधारलाई टेकेर रेणु यादवको नेतृत्वमा समाजवादी पार्टी विभाजनको संकेत पाए लगत्तै मधेश केन्द्रीत दुई दल बीच रातारात पार्टी एकता भएको छ । रेणु यादवको नेतृत्वमा समाजवादी पार्टी विभाजनको तयारी भएपछि बुधबार मध्यरातमा दुई पार्टी बीच एकता भएको छ । समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण गरी जनता समाजवादी पार्टी गठन भएको छ ।

नवगठित जनता समाजवादी पार्टीले बिहीबार पार्टी एकीकरणको सहमतिपत्र निर्वाचन आयोगमा दर्ता गराएको छ । निर्वाचन आयोग पुगी दल दर्ताको प्रक्रिया अगाडि बढाएका हुन् । योसँगै जनता सामाजवादीको दल दर्ताको प्रक्रिया शुरु भएको छ । आयोगमा जनता समाजवादी पार्टीको सहमतिपत्रको दर्ता नं १३८८ रहेको छ ।

आयोगमा पार्टी एकीकरणको सहमतिपत्र दर्तापछि संघीय संसद् सचिवालयमा दर्ता गरिएको छ । दल दर्ताका लागि दुवै पार्टीको छुट्टाछुट्टै केन्द्रीय समितिको बैठकले निर्णय गरी पुनः दुवै पार्टीको संयुक्त बैठकले निर्णय गर्नेछ । एकीकृत पार्टीको पार्टीको विधान, घोषणापत्र, नियमावली र नयाँ पार्टीको संरचना सहित आयोगलाई बुझाएपछि मात्रै पार्टी दर्ता प्रक्रिया अघि बढ्नेछ ।

जनता समाजवादी पार्टीका नेताहरु उपेन्द्र यादव, शरत्सिंह भण्डारी, राजेन्द्र महतो, राजेन्द्र श्रेष्ठ, केशव झालगायत नेताहरु निर्वाचन आयोग पुगेका थिए । नवगठित पार्टीका नेता राजेन्द्र महतोले लकडाउनपछि पार्टी एकीकरणको बाँकी प्रक्रिया पूरा गरेर एकता टुङ्ग्याइने बताए । अर्का नेता राजेन्द्र श्रेष्ठले सरकारले असान्दर्भिक अवस्थामा अध्यादेश ल्याएकाले आफूहरुले पनि पार्टी एकीकरणको कामलाई अन्तिम रूप दिएको बताए ।





बुधबार राति पार्टी एकीकरण घोषणा गर्ने सहमतिपछि दुवै दलका शीर्ष नेताहरू । बिहीबार दल दर्ता गरेर निस्कँदै उपेन्द्र यादव (इन्सेटमा) ।

नेता डा शिवजी यादवले झण्डै डेढ वर्षदेखि चलिरहेको एकता प्रक्रियाले अन्तिम रूप लिएको भन्दै पार्टी पदाधिकारी र केन्द्रीय समितिको आगामी बैठकले नयाँ रणनीतिका साथ अघि बढ्ने बताए ।

### ■ फुटबाट बच्न एकता


एकता र फुटबाट अघि बढ्दै आएका तराई-मधेश केन्द्रित राजनीतिक दलमा पुनः त्यो क्रम देखिएको छ । समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल बीच बुधबार अबेर राति पार्टी एकीकरणको सहमति हुनु त्यसैको एक उपक्रम मानिएको छ । समाजवादी पार्टीका असन्तुष्ट सात/आठ सांसदले पार्टी विभाजन गर्ने तयारी गरेपछि दुई पार्टीबीच हतारमा एकताको सहमति गरिएको देखिन्छ ।

सरकारले वैशाख ८ गते राजनीतिक दल विभाजनका लागि खुकुलो हुने गरी अध्यादेश ल्याएपछि यी दुई पार्टीलाई आफ्ना सांसद्हरु ४० प्रतिशत सङ्ख्या लिएर बाहिरिने चिन्ताले सशङ्कित तुल्यायो । पार्टीभित्रको असन्तुष्टि भुँइचालोका रूपमा तरङ्गित हुने देखिएपछि हतारमा पार्टी एकताको सहमति गरिएको विश्लेषण गरिएको छ । यी दलबीच एकताका लागि वार्ता भने लामो समयदेखि चल्दै आएको थियो । एकीकृत पार्टीको नाम 'जनता समाजवादी' प्रस्ताव गरिएको छ । पार्टीको झण्डा समाजवादी पार्टीले प्रयोग गर्दै आएको आयातकार आकारमा रातो र हरियो रङको बीचमा तारा हुने सहमति गरिएको छ । चुनाव चिह्न राजपा नेपालले प्रयोग गर्दै आएको छाता हुनेछ ।

बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्रीको अस्त्र असफल

सत्तारूढ नेकपाभित्रै तीव्र विरोध भएको राजनीतिक दल सम्बन्धी र संवैधानिक परिषद सम्बन्धी अध्यादेश फिर्ता लिन प्रधानमन्त्री सहमत भएका छन् ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

गएको चैत ८ गते मन्त्रिपरिषद बैठकबाट ल्याइएको राजनीतिक दल र संवैधानिक परिषद सम्बन्धी अध्यादेश फिर्ता लिन प्रधानमन्त्री केपी शर्मा ओली सहमत भएका छन् । दुवै अध्यादेशको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी नेकपाभित्रै तीव्र विरोध भएको थियो । मन्त्रिपरिषदको आकस्मिक बैठकका रुपमा प्रस्तुत भएर राष्ट्रपति विद्यादेवी भण्डारीबाट जारी गरिएको अध्यादेश फिर्ता लिन प्रधानन्त्री ओली सहमत भएका हुन् ।

बिहीबार पार्टीका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपाल सँग परामर्श गरेपछि प्रधानमन्त्री ओली अध्यादेश फिर्ता लिन सहमत भएको स्रोतले जनाएको छ । अध्यक्ष प्रचण्ड र बरिष्ठ नेता नेपालले

बाँकी पृष्ठ २ मा

# मलेसिया र यूएई खुल्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ वैशाख

ठूलो संख्यामा नेपाली कामदार रहेका नेपाली कामदारका गन्तव्य मुलुकहरुमध्ये मलेसिया र यूएईले कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण लगाएको प्रतिवन्ध केही खुकुलो बनाउने बताएका छन् । मलेसियाले ३८ दिन अगाडि मार्च १६ तारिकका दिन लगाएको आवागमन प्रतिवन्धलाई केही निश्चित शर्तसहित खुकुलो पार्ने तयारी गरिरहेको बताएको छ ।

बिहीबारसम्म मलेसियामा ५ हजार ६ सय ३ जना कोरोना संक्रमित देखिएका छन् भने त्यहाँ मृत्यु हुनेको संख्या ९५ पुगेको छ । बिहीबार ३७ औं दिनसम्म आवागमन प्रतिवन्धको सरकारी आदेश प्रभावकारी रुपमा कार्यान्वयन भएको भन्दै त्यहाँका स्वास्थ्यकर्मीहरुले विदेशबाट आयातित नभएमा मलेसिया भित्ररहेको कोरोना संक्रमणलाई ट्याकल गरी नियन्त्रण गर्न सकिने भएकोले आवागमन प्रतिवन्धको आदेशलाई खुकुलो पार्नुपर्ने बताएको दि स्टारलगायत त्यहाँका स्थानीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।





आर्थिक गतिविधि सक्रिय पार्न आवागमन खुकुलो पार्नु अनिवार्य भएको बताइएको छ । त्यहाँका स्वास्थ्य अधिकारीहरुले मलेसिया प्रवेश गर्ने मलेसियाली नागरिकबाहेक विदेशी नागरिकहरुमाथि आवागमन प्रतिवन्धसहित शैक्षिक र सामाजिक गतिविधि माथिको प्रतिवन्ध पनि यथावत राख्दै अन्य क्षेत्रमा खुकुलो गर्न उपयुक्त हुने सुझाव सरकारलाई दिएको स्वास्थ्य अधिकारीहरुले बताएका छन् ।

आवागमन प्रतिवन्धको आदेश खुकुलो बनाउने वा यथावत राख्ने भन्ने विषयमा अन्तिम निर्णयभने मलेसियाको मन्त्रिपरिषद्ले गर्ने छ । त्यसको घोषणा प्रधानमन्त्रीले शुक्रबार अवेरसम्ममा गर्ने बताइएको छ । मलेसियालले यसअघि नै विश्वस्तरमा नै ग्लोब्सको कमी रहेको भन्दै आफ्ना नियमित आयातकर्ताका लागि ग्लोब्स उत्पादन शुरु गरेको थियो ।

मलेसियामा हाल साढे पाँच लाख नेपालीहरु वैधानिक रुपमा काम गरिरहेका छन् । मलेसियाले नेपाली कामदारहरु समेत कार्यरत आर्थिक क्षेत्रमा काम शुरु गरेमा त्यहाँ रहेका नेपालीहरुलाई पनि सहज हुने आंकलन गरिएको छ ।

उता नेपाली कामदारहरुको अर्को आकर्षक गतव्य यूएईले रमदान नजिक आइरहेको भन्दै दुवई मलजस्ता ठूलाठूला व्यापारिक केन्द्रहरु र मेट्रो रेल सञ्चालन गर्ने तयारी गरेको छ । ती क्षेत्रमा स्थानीयस्तरमा

बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा १७ नेपालीलाई आममाफी

काठमाडौं/मस- कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले हालको विश्व महामारी (कोभिड १९) को अवस्था तथा कैदीहरुको स्वास्थ्य र मानवीय अवस्थालाईसमेत ध्यानमा राखी केही कैदीहरुलाई आममाफीको घोषणा गरेका छन् ।

सो आममाफी अन्तर्गत कतारको बन्दी गृहमा रहेका १७ जना नेपाली नागरिकहरु पनि रिहाई भएको राष्ट्रिय मानवाधिकार समिति कतारका नेपाली संयोजक प्रो. रमजान अली मियाले जानकारी दिए । रिहाई हुनेमा १३ जना लागू औषध कारोवारजन्य, २ जना चोरी, १ जना मादक पदार्थ कारोबार र अर्का १ जना ठगीको कसुरमा सजाय भुक्तान गरिरहेका थिए ।

# संक्रमित संख्या ४७ पुग्यो

**काठमाडौं/रासस-** थप दुई जना सहित कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ४७ पुगेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलको नियमित पत्रकार सम्मेलनमा आज थप दुई व्यक्तिमा कोरोना सङ्क्रमणको पुष्टि भएको मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिनुभयो । मन्त्रालयका अनुसार, उदयपुरका ५५ वर्षीय महिला र जनकपुरका १४ वर्षीय किशोरमा कोरोना सङ्क्रमणको पुष्टि भएको हो ।

हालसम्म कोराना भाइरसबाट निको हुनेको सङ्ख्या नौ पुगेको छ । केही दिन अगाडि काठमाडौँको पेप्सीकोलास्थित सनसीटी अपार्टमेन्टमा देखिएको कोरोना सङ्क्रमित दुवै व्यक्ति निको भई आज डिस्चार्ज भए । पाटन अस्पतालमा उपचाररत ५८ वर्षीय पुरुष र ८१ वर्षीय महिला निको भई घर फर्केका छन् ।

कोरोना भाइरसको रियल टाइम पोलिमरेज चेञ्ज रियाक्सन (पिसिआर) र र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडीटी) गरी दुवै विधिबाट हालसम्म ४३ हजार ७२२ जनामा परीक्षण सम्पन गरिएको छ । जसमा पिसिआर नौ हजार १९९ र आरडिटी ३४ हजार ५२३ मा परीक्षण गरिएको मन्त्रालयले जनाएको हो । क्वरेन्टाइनमा बस्नेको सङ्ख्या १० हजार ५७१ छ ।

बाँकी पृष्ठ २ मा

# विप्रेषणमा ब्यापक गिरावट !

## विप्रेषण आप्रवाहमा २० प्रतिशतले घट्ने अनुमान

**काठमाडौं/रासस-** कोभिड-१९ का कारण विश्वव्यापीरुपमा नै विप्रेषण आप्रवाहमा ठूलो गिरावट आउने विश्व बैंकको एक अध्ययनले देखाएको छ । कोरोना भाइरसको सङ्क्रमण हुने डरका कारण लकडाउन भएपछि विप्रेषण आप्रवाहमा २० प्रतिशतले कमी आउने भएको हो । महामारी र लकडाउनका कारण विश्वभर नै श्रमिकको काम प्रभावित भएका कारण उनीहरुले पठाउने विप्रेषणमा समेत समस्या देखिएको बैंकको अध्ययनले देखाएको हो ।

बैंकले बुधबार सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनमा कोरोनाका कारण विश्वव्यापीरुपमा नै विप्रेषण आप्रवाहमा कमी आउने जनाएको छ । आप्रवासी कामदार रहेका रोजगारदाता देशसमेत कोभिड-१९ को सङ्क्रमणविरुद्ध लडीरहेको, बेरोजगारी बढेको तथा सम्पूर्ण रुपमा आर्थिक गतिविधिसमेत बन्द भएका कारण त्यसको मारमा रोजगारीमा रहेका र रोजगार दिने देश तथा कम्पनी परेकाले विप्रेषणमा ठूलो गिरावट आउन लागेको हो ।

अध्ययनअनुसार विप्रेषणको आप्रवाहमा कमी आउँदा गरिबी बढ्ने र विशेष गरी त्यसको सबैभन्दा बढी मार कम तथा मध्यम आय भएका मुलुकमा पर्नेछ । त्यसले खाद्य सङ्कट तथा जीवन यापनका

बाँकी पृष्ठ २ मा

# सुदूरपश्चिम प्रदेशमा १० हजारको नमुना संकलन

**धनगढी/रासस–** सुदूरपश्चिम प्रदेशमा अहिलेसम्म कोरोना भाइरस संक्रमणको द्रुत परीक्षण (ऱ्यापिड टेष्ट) र पोलिमरेज चेन रियाक्सन (पीसीआर) बाट १० हजार ८३९ व्यक्तिको नमूना संकलन गरिएको छ । प्रदेशमा ऱ्यापिड टेष्टमार्फत आठ हजार २०३ र पीसीआरबाट दुई हजार ३३१ गरी १० हजार ८३९ व्यक्तिको नमूना संकलन गरिएको हो ।



ऱ्यापिड टेष्टबाट पाँच जनामा पोजेटिभ देखिएको थियो भने पीसीआरबाट एक जनामा नेगेटिभ नतिजा देखिएको छ । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पाँच जनाको पीसीआर रिपोर्ट आउन बाँकी छ । नौ जिल्ला रहेको सुदूरपश्चिम प्रदेशभरमा १० हजार २८२ किट मौज्दात रहेको निर्देशनालयका मेडिकल अधिकृत डा भूषण मिश्रले जानकारी दिए । यसैगरी सुदूरपश्चिम प्रदेशमा ११ दिनयता कोरोना भाइरसको नयाँ संक्रमित देखापरेको छैन ।

वैशाख १ गते वीरगञ्जमा चिया पसल गर्दै आएकी लम्कीकी महिलामा कोरोना संक्रमण भएको पुष्टि भएयता अन्य कोहीमा नयाँ संक्रमण देखिएको छैन । वीरगञ्ज नाकामा चिया पसल गर्ने उनी चैत ९ मा लम्की आएकी थिइन् । भुरुवामा आफन्तकहाँ बसेकी उनलाई स्थानीय जनप्रतिनिधिले क्वारेन्टाइनमा राखेका थिए ।

वैशाख १ गते वीरगञ्जबाट फर्केकी महिलामा कोरोना पुष्टि भएपछि प्रदेशमा तीन पुरुष र दुई महिला गरी संक्रमितको संख्या पाँच पुगेको थियो । चैत २२ गते कैलालीको धनगढी उपमहानगरपालिका-५ की महिलामा कोरोनाको पुष्टि भएपछि नेपालमा कोरानाको संक्रमण दोस्रो चरणमा प्रवेश गरेको थियो । दुबईबाट चैत ७ गते दिल्ली हुँदै फर्केका अमृत शाहीकी भाउजुमा कोरोनाको संक्रमण देखिएको थियो ।

### तीन डिस्चार्ज, दुई उपचारमा

प्रदेशमा कोरोना देखिएका पहिलो व्यक्ति हुन् अमृत शाही । प्रादेशिक अस्पतालमा २८ दिन बसेर वैशाख ९ गतेमात्र अस्पतालबाट डिस्चार्ज भएका छन् । उनीभन्दा अगाडि चैत २२ मा कोरोना पुष्टि भएका लम्की चुहा नगरपालिका-९ का राज विक वैशाख ७ गते डिस्चार्ज भएका थिए । वैशाख १० गते कञ्चनपुरको वेदकोट नगरपालिकाका ४२ वर्षीय इन्द्र विक डिस्चार्ज भएका छन् । प्रदेशमा पाँच संक्रमित रहेकामा दुई महिला उपचारमा छन् ।

सेती प्रादेशिक अस्पतालले दुवै महिलाको अवस्था सामान्य रहेको जनाएको छ । सेती प्रादेशिक अस्पतालमा हालसम्म ३८ जना शंकास्पद व्यक्तिको उपचार भएको जनाइएको छ । २४ घण्टा यता नयाँ शंकास्पद व्यक्तिहरु नरहेको जानकारी दिएको छ । प्रदेशमा अहिलेसम्म ९९ जनालाई आइसोलेसनबाट डिस्चार्ज गरिसकिएको छ भने छ जना आइसोलेसनमा राखिएका छन् । प्रदेशमा ३२२ स्थानमा छ हजार ७२८ श्ययाको क्वारेन्टाइन सञ्चालनमा छ । एक सय ८९ महिला र एक हजार ५७० पुरुष गरी एक हजार ७५९ जनालाई क्वारेन्टाइनमा राखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# मौसममा सुधार आउन केही दिन लाग्ने

**काठमाडौं/मस–** पश्चिमी वायु र स्थानीय वायुको प्रभावले देशभर आंशिक सामान्य बदली रही धेरैजसो स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।



पश्चिमी वायुको प्रभाव कायमै रहेको र प्रिमनसुनी गतिविधि सक्रिय भएकाले बदलीसँगै मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित वर्षाको सम्भावना रहेका मौसमविद् मीनकुमार अर्यालले जानकारी दिए । अंग्रेजी महिना मार्च, अप्रिल र मेसम्म तीन महिना प्रि-मनसुन चल्ने भएकाले देशका पहाडी भूभागको मौसम अपराह्न तथा साँझपख लगातर प्रभावित भइरहने हुन्छ । अहिले प्रिमनसुनका साथै पश्चिमी वायुको प्रभाव रहेकाले बदलीसँगै वर्षा भइरहेको मौसमविद्को भनाइ रहेको छ ।

मौसमविद् अर्यालका अनुसार नेपालको पश्चिमी भूभागबाट पश्चिमी वायु विकसित हुने क्रममै रहेकाले देशभरको मौसममा सुधार आउन अझै केही दिन लाग्ने छ । महाशाखाले आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिन निकालेर विगत केही दिनदेखि नेपालमा रहेको पश्चिमी वायु अझै सक्रिय हुने क्रममा रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको हो । हाल देशको पहाडी भूभागमा सामान्य र तराई भू-भागमा आंशिकदेखि सामान्य बदली रहेको छ ।

आज देशका मध्य र पूर्वी भूभागमा सामान्यदेखि पूर्ण बदली रही मध्य र पूर्वी भूभागका केही स्थानमा र पश्चिमी पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित वर्षाको सम्भावना रहेको छ । यसका साथै पहाडी भूभागमा हावाहुरीको समेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको विवरणअनुसार बिहीबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ११ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २२ दशमलव सात डिग्री सेल्सियस रहेको थियो । बिहीबार सबैभन्दा कम जिरीको न्यूनतम तापक्रम १७ दशमलव छ डिग्री र सबैभन्दा बढी धनगढीको अधिकतम तापक्रम ३४ दशमलव शून्य डिग्री सेल्सियस रहेको थियो ।

# सञ्चारकर्मीहरुको परीक्षणको व्यवस्था मिलाऊ : महासंघ

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले सञ्चारकर्मीहरुको ऱ्यापिड टेस्टसहित परीक्षणको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । बिहीबार महासंघका अध्यक्ष गोविन्द आचार्यको अध्यक्षतामा बसेको केन्द्रीय समितिको बैठकले आम सञ्चारकर्मीहरुले उच्च जोखिमका बीच जनतालाई सुसुचित गराइरहेको निष्कर्ष निकाल्दै सबै जिल्लाहरुमा अग्रभागमा रहेर काम गरिरहेका सञ्चारकर्मीहरुको ऱ्यापिड टेस्टसहित परीक्षणको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको हो ।

त्यस्तै महासंघले कोरोनाको संक्रमणले उत्पन्न गराएको संकटपूर्ण अवस्थाले श्रमजीवी पत्रकारहरुलाई प्रभावित पारिरहेको समयमा कतिपय सञ्चारगृहले पारिश्रमिक नदिएकोमा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । महासंघले दबावपूर्ण बेतलबी बिदाको क्रम रोक्न र पारिश्रमिक नदिएका सञ्चार प्रतिष्ठानहरुलाई अविलम्ब बाँकी पारिश्रमिक भुक्तानी गर्न सञ्चारगृहहरुलाई आग्रह गरेको महासचिव रमेश विष्टले जनाएका छन् ।

श्रमजीवी पत्रकारहरुको हकहित र अधिकारका लागि अनुगमन, समन्वय र कानुनी लगायतका संघर्ष गर्न महासंघले महासचिव विष्टको नेतृत्वमा एक समिति गठन गर्ने निर्णय समेत गरेको छ । महासंघले अहिलेको संकटपूर्ण अवस्थालाई मध्यनजर गर्दै सञ्चारकर्मी र सञ्चार प्रतिष्ठानहरुको समस्या सम्बोधनका लागि राहत सुविधा उपलब्ध गराउन माग गर्दै केन्द्रमा नेपाल सरकार र प्रदेशमा प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाउने निर्णय समेत गरेको महासचिव विष्टले जानकारी दिए ।

साथै महासंघले कोरोना संक्रमणको उच्च जोखिम मोलेर जनतालाई सुसुचित गर्ने दायित्व पूरा गरिरहेका आम सञ्चारकर्मीहरुलाई आफ्नो सुरक्षाप्रति संवेदनशील भएर सत्य तथ्य समाचार सम्प्रेषण गर्न आह्वान गरेको छ ।

‘भट्टको निधनप्रति स्तब्ध’

नेपाल पत्रकार महासंघले प्यूठान शाखाकी उपाध्यक्ष बसन्ता भट्टको ४४ वर्षको अल्पायुमै निधन भएकोमा महासंघ स्तब्ध भएको जनाएको छ । लामो समयदेखि उपचार गराइरहेकी भट्टको बिहीबार विहान ९:४५ बजे प्यूठानको खलंगास्थित निवासमा निधन भएको हो ।

प्यूठानमा रहेर पत्रकारितामा सक्रिय भट्ट विशेषगरी प्यूठानका महिला सञ्चारकर्मीहरुको अभिभावकको रुपमा परिचित थिइन् । महासंघ प्यूठान शाखाको कोषाध्यक्ष हुँदै हाल उपाध्यक्ष पदमा रहेर क्रियाशील भट्ट विकास सामुदायिक रेडियो महिला आवाज प्यूठानकी अध्यक्षसमेत थिइन् ।

उनको निधनले नेपाली पत्रकारिता जगतले एक जुझारु र अनुभवी महिला पत्रकार गुमाएको महासंघको ठहर छ । नेपाल पत्रकार महासंघले स्वर्गीय भट्टप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गदै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ ।

# प्रेमवाद संघद्वारा पीडित विद्यार्थीहरुलाई राहत वितरण



**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ बैशाख

विश्वमा फैलिएको महामारी कोभिड १९ का कारण लामो समयदेखि लकडाउन भएसँगै सर्वसाधारणले सास्ती झेल्नुपरिरहेको छ । उच्च शिक्षाको उद्देश्य बोकी देशैभरीका जिल्लाहरुबाट त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा आएका विद्यार्थीहरुसमेत अभावबाट अछुतो हुन सकेनन् । यसै कुरालाई मध्यनजर गर्दै प्रेमवाद संघले खाद्यान्न अभाव झेलिरहेका कीर्तिपुरका २ सय जना विद्यार्थीहरुलाई राहत प्रदान गरेको छ । गत मंगलबार उक्त संस्थाले एक सय बोरा चामल (३० के.जी. प्रति बोरा), २ सय के.जी. दाल, २ सय के.जी. नुन र २ सय प्याकेट तेल उपलब्ध गराएको हो ।

‘हामीले समस्यामा परेका विद्यार्थीहरुको पहिचान गरी कीर्तिपुरमा राहत वितरण गर्ने निर्णय लिएका हौं,’ प्रेमवाद संघका कोषाध्यक्ष होली ङसहछाले भने, ‘ आवश्यकता अनुसार राहत वितरण कार्यलाई निरन्तरता दिनेछौं । ‘

‘खाद्यान्न अभाव झेलिरहेका हामी कीर्तिपुरका विद्यार्थीहरुलाई प्रेमवाद संघले जुन प्रेम, स्नेह र सहयोग प्रदान गरेको छ, हामी उहाँहरुको सेवाकार्यको मुक्तकण्ठले प्रशंशा गर्न चाहन्छौं’ समस्यामा परेका विद्यार्थीहरुलाई राहत उपलब्ध गराउन सक्रिय विद्यार्थी हेमराज थापाले भने, ‘अहिले हामीलाई भाषण होइन, रासनको अभाव अत्याधिक मात्रामा खड्किएको छ ।’

आध्यात्मिक जागरण एवं सामाजिक सेवाको उद्देश्यका साथ स्थापित प्रेमवाद संघ विभिन्न मानवीय एवं पशुपंक्षीहरुको संरक्षणमा समेत जुटेको छ । लकडाउन भएदेखि स्वयम्भु, पशुपतिनाथ क्षेत्रका बाँदर, बुढानिल्कण्ठ र बौद्ध क्षेत्रका परेवा एवं चोभार पोखरीका माछाहरुलाई चारो प्रदान गर्नुका साथै उपत्याकालगायत धेरै जिल्लाहरुमा भोकभोकै रहेका सडक तथा गल्लि-गल्लिका कुकुरहरुलाई खाना प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको संघका कोषाध्यक्ष ङसहछाले जानकारी दिए ।

संघले लकडाउन भएको दिनदेखि नै भोकभोकै रहेका पीडितहरुलाई राहतस्वरुप चामल, दाल, तेल, नुनलगायतका खाद्य सामग्री प्रत्यक्ष रुपमा आफै र वडामार्फत पनि वितरण गर्दै आएको छ । लकडाउन अवधिभर राहत कार्यलाई निरन्तरता दिनेसमेत संघले बताएको छ ।

प्रेमवाद संघले वि. सं. २०७२ सालको माहाभूकम्पमासमेत गोरखा, रसुवा, नुवाकोट, उपत्याका, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछापआदि जिल्लाहरुमा उद्धार, राहत तथा पुनस्थर्पना कार्यमा २ करोड बराबरको सेवा प्रदान गरेको ङसहछाले बताए । प्राकृतिक विपत्तिका बेला एवं सामाजिक सेवाहरुमा सेवारत उक्त संघले अभिभावकविहीन बालबालिकाका निम्ति बालआश्रमसमेत सञ्चालन गरेको छ ।

# मध्यपश्चिमाञ्चल विश्वविद्यालयले शुरू गऱ्यो हेन्ड सेनिटाइजर उत्पादन



**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, ११ बैशाख

मध्य पश्चिमाञ्चल विश्वविद्यालयले हेण्ड सेनिटाइजर उत्पादन शुरु गरेको छ । विश्वविद्यालयका उपकुलपति प्रा.डा.नन्द बहादुर सिंहको नेतृत्वमा बिहीबारदेखि सेनिटाइजर उत्पादन शुरु गरिएको हो ।

युवा बैज्ञानिक राजेन्द्र विष्टको टोलीले उक्त काम गरिरहेको छ । बिहीबार मात्र १ हजार वटा हेण्ड सेनिटाइजर उत्पादन गरिएको छ । एउटा बोतलमा ६० एम.एल सेनिटाइजर रहेको छ । सेनिटाइजर उत्पादनमा विश्वविद्यालयका रजिष्टार यम बहादुर कार्कीलगायतका शिक्षक तथा विद्यार्थीहरुको सहभागिता रहेको छ ।

सेनिटाइजर उत्पादनले कोरोना रोकथामका साथै बढ्दो बेरोजगारी समस्या समाधान र स्थानीय साधन श्रोतको उपयोग हुने विश्वविद्यालयका उपकुलपति प्रा.डा.सिंहले मध्यान्हलाई बताए ।

**भुल सुधार**

यस मध्यान्ह राष्ट्रिय दैनिकको अंक ७० मा ‘आज १४ औं लोकतन्त्र दिवस’ हुनुपर्नेमा असावधानीवस अन्यथा हुन गएकोमा पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।

-स.

## अध्यादेशले...

एकताको सहमतिपत्रमा राजपाबाट महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव र शरत्सिंह भण्डारीले मात्र हस्ताक्षर गरेका छन् । समाजवादीका तर्फबाट उपेन्द्र यादव, बाबुराम भट्टराई, अशोक राई र राजेन्द्र श्रेष्ठको हस्ताक्षर छ ।

राजपा अध्यक्षमण्डलका सदस्यद्वय अनिल झा र राजकिशोर यादव सहमति प्रक्रियामा उपस्थित भएनन् । दुवै जना काठमाडौं उपत्यका बाहिर रहेकाले उपस्थित नभएको बताइएको छ । समाजवादी पार्टीका उपाध्यक्ष एवं सांसद रेणु यादवको नेतृत्वमा सो पार्टी फुटाएर नयाँ पार्टी बनाउन ती सांसदले निर्णय गरिसकेका छन् ।

हस्ताक्षर गर्नेमा यादवसहित सांसद महम्मद इश्तियाक राई, प्रदीप यादव, उमाशङ्कर अरगरिया, कलुदेवी विश्वकर्मा, सुरेन्द्र यादव र रेणुका गुरुङ छन् । समाजवादी पार्टीमा १७ र राजपासँग १७ जना सांसद छन् ।

## प्रधानमन्त्रीको...

प्रधानमन्त्री ओलीलाई अध्यादेश फिर्ता लिन आग्रह गरेका थिए । सचिवालयकै नेताहरुसँग समेत छलफल नगरी ल्याइएको अध्यादेश विरुद्ध विपक्षी दलहरुले तीव्र विरोध जनाएका थिए ।

राजनीतिक दल सम्बन्धी ऐन २०६३ संशोधन गरी पार्टी विभाजन गर्न खुकुलो प्रावधान राखी अध्यादेश ल्याइएको थियो । संशोधित अध्यादेशले पार्टी र संसद मध्ये कुनै एकमा ४० प्रतिशत भए पार्टी विभाजन गर्न सकिने प्रावधान राखिएको थियो । यो अध्यादेश विरुद्ध प्रचण्ड र नेपाल निकट २० स्थायी कमिटी सदस्यहरुले हस्ताक्षर गरी स्थायी कमिटी बैठककै माग गरेका थिए ।

प्रचण्ड निकट गणेश साह, चक्रपाणी खनाल, टोपबहादुर रायमाझी, देव गुरुङ, देवेन्द्र पौडेल, पम्फा भुसाल, मणि थापा, मातृका यादव, लिलामणि पोखरेल र हरिबोल गजुरल तथा नेता नेपाल निकटका अष्टलक्ष्मी शाक्य, गोकर्ण बिष्ट, बेदुराम भुसाल, भीम आचार्य, भीम रावल, मुकुन्द न्यौपाने, युवराज ज्ञवाली, रघु पन्त र सुरेन्द्र पाण्डेले हस्ताक्षर गरी स्थायी कमिटी बैठक माग गरेका थिए । अर्थात्, ४५ सदस्यीय स्थायी कमिटी मध्ये बहुमत सदस्यले अध्यादेश फिर्ता लिनुपर्ने तर्कसहित माग राखेका थिए । सचिवालयमा रहेका र मन्त्रीको भूमिकामा रहेका प्रचण्ड र नेपाल निकट संख्या जोड्दा प्रधानमन्त्री ओली अल्पमतमा पर्ने थिए ।

अध्यक्ष प्रचण्ड सहित सचिवालयका चार बरिष्ठ नेताहरु झलनाथ खनाल, माधवकुमार नेपाल र नारायणकाजी श्रेष्ठले अध्यादेशले खुलेर विरोध जनाएका थिए भने वामदेव गौतम कतै खुल्न चाहेका थिएनन् । प्रधानमन्त्री ओलीलाई साथ दिएका रामबहादुर थापा निकटका नेताहरुले समेत स्थायी कमिटी बैठक माग गरे । यसले प्रधानमन्त्री ओलीलाई अध्यादेश फिर्ता लिन थप दबाव सिर्जना गरेको थियो ।

अर्कातर्फ, नागरिक तहबाट प्रधानमन्त्री ओलीको तीव्र विरोध भयो भने उपेन्द्र यादव नेतृत्वको पार्टी विभाजन गर्ने रणनीति समेत सफल हुन सकेन । चार दिनमा भएका यस्ता गतिविधिले प्रधानमन्त्री ओलीलाई पछि हट्न बाध्य बनायो ।

## मलेसिया...

स्यानिटाइजेशन गरेर सरसफाईको क्रम तीव्र बनाइएको यूएईका स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

यूएईमा बिहीबारसम्म ८ हजार ७ सय ५६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । त्यहाँ ५६ जनाको मृत्यु भएको छ । यूएईले निरन्तर रुपमा आफ्ना कामदार फिर्ता लैजान विभिन्न देशलाई आग्रह गरिरहेको छ । उक्त आग्रह अनुसार हाल पाकिस्तानले मात्र विमान चार्टर गरी आफ्ना कामदार फर्काउन शुरु गरेको छ । यूएईमा ४ लाख बढी नेपाली रहेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले यूएईको सेवा क्षेत्र प्रभावित भएको विषयमा मन्त्रालयलाई जानकारी आएको बताउँदै आएका छन् ।

## संक्रमित...

अहिलेसम्म आइसोलेशनमा ८६ रहेका छन् । तीमध्ये काठमाडौं उपत्यकामा चार छन् भने उपत्यका बाहिर ८२ जना रहेका छन् । रेड जोनमा हालसम्म २७८ जना रहेका छन् ।

मन्त्रालयका प्रवक्ता देवकोटाका अनुसार उपचाररत कोरोना सङ्क्रमित व्यक्ति सबैको स्वास्थ्यस्थिति सामान्य रहेको छ । त्यसैगरी राष्ट्रिय ट्रमा सेन्टरका प्रमुख डा सन्तोष पौडेलले आफ्नो अस्पतालले अत्यावश्यक सेवा र ओपीडी सेवालाई निरन्तरता दिइएको बताए । उनले स्वास्थ्यकर्मीको सुरक्षाका लागि पिपिईको व्यवस्था गरी उपचारमा खटिएको बताए । उनका अनुसार अस्पतालले अनलाइन र फोनका माध्यमबाट पनि बिरामीको स्थिति बुझ्ने गरेको बताए ।

## विप्रेषणमा....

लागि समेत थप कष्टकर बनाउनेछ । विप्रेषण विकासिल तथा विकासोन्मुख देशका लागि प्रमुख आयस्रोत हो । बैंकका अनुसार दक्षिण एसियामा कोभिड-१९ का कारण २२.१ प्रतिशतले विप्रेषण आप्रवाहमा कमी आउने देखिएको छ । यूरोप तथा मध्य एशियामा २७.५ प्रतिशत, ल्याटिन अमेरिका र क्यारेबियन देशहरुमा १९.३ प्रतिशत र पूर्वी तथा एशिया प्रशान्त क्षेत्रमा १३ प्रतिशतले ह्रास आउने देखिएको छ ।

नेपालका झण्डै ४० लाख कामदार वैदेशिक रोजगारीमा रहेका छन् । कोभिड-१९ का कारण नेपाली कामदार रहेका खाडी मुलुक, मलेसिया, दक्षिण कोरियालगायत देशमा पनि लकडाउन जारी रहेका कारण विप्रेषण आप्रवाहमा झण्डै रु एक खर्बले गिरावट आउने देखिएको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा मात्रै रु पाँच खर्ब ९२ अर्ब बराबरको विप्रेषण आप्रवाह भएको छ ।

नेपालको अर्थतन्त्रका प्रत्यक्ष प्रभाव पार्ने विप्रेषण आयातमा सबैभन्दा बढी समस्या आउने राष्ट्र बैंकको समेत विश्लेषण छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले यही चैत ५ गते आयोजना गरेको छलफलका क्रममा केन्द्रीय बैंकका प्रवक्ता गुणाखर भट्टले झण्डै रु एक खर्ब बराबरको विप्रेषण आप्रवाहमा कमी आउने जानकारी दिए ।

बैंकका अनुसार आर्थिक वर्ष २०७५ र ७६ मा कूल रु आठ खर्ब ८९ अर्ब विप्रेषण आयात भएकोमा चालु आवमा कोरोनाका कारण रु आठ खर्ब पनि नपुग्ने अवस्था सिर्जना भएको छ । नेपाली कामदार बढी रहेका कतार, साउदी अरब, कुवेतजस्ता देशमा कोरोनाका कारण पछिल्ला दिनमा काम बन्द भएको र कामदार काम विहिन हुन पुगेका छन् । जसका कारण देशभित्र विप्रेषण पठाउन सक्ने अवस्थामा रहेका छैनन् ।

प्रवक्ता भट्टका अनुसार हालसम्मको अवस्थामा कूल १० प्रतिशतको हाराहारीमा विप्रेषण घट्ने अवस्था देखिएको छ । अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले विशेषगरी कतार, साउदी अरब, यूइए, कुवेतमा अर्थतन्त्रको वृद्धिदर नकारात्मक हुने प्रक्षेपण यसअघि नै गरिसकेको छ । त्यस आधारमा नेपाली कामदारको रोजगारी समेत खोसिने छ । रोजगारीको अवसर खोसिँदा त्यसले नेपालले अपेक्षा गरेको आर्थिक विकासको लयलाई समेत प्रभाव पार्ने देखिन्छ ।

चालु आवको अन्त्यसम्म झण्डै रु नौ खर्ब बराबरको विप्रेषण भित्रने अनुमान गरिएको भएपनि कोरोनाले ठूलो प्रभाव पारेको छ । सामान्य अवस्था रहेको भए विप्रेषण आयमा पाँच प्रतिशतको वृद्धि हुने अनुमान गरिएको थियो । सम्बन्धित मुलुकमा कामदारले पुनः काम गर्न पाएको खण्डमा आगामी असार मसान्तसम्म केही सुधार हुन सक्ने अनुमान भने गर्न सकिन्छ । गत आवमा सरकारले केही नीतिगत सुधार गरी हुण्डी कारोबारलाई निरत्साहित गरेको थियो ।

यस्तै बैंक तथा वित्तीय संस्थाले निक्षेपको व्याजदरमा नै उल्लेख्य वृद्धि गरेका कारण पनि विदेशमा नै राखिएको पैसा स्वदेश पठाएका थिए । गत फागुन मसान्तसम्म विप्रेषण आप्रवाह १.८ प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ५९२ अर्ब ४२ करोड भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३.४ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाहमा १.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ११.७ प्रतिशतले बढेको थियो ।

आठ महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या २४.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३६.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा पुनः श्रम स्वीकृति लिनेको संख्या २.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ४.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर आय १.४ प्रतिशतले वृद्धि भई रु ६ खर्ब ७१ अर्ब ८९ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २२.९ प्रतिशतले बढेको थियो ।

# ओलम्पिकमा भर्चुअल बैठक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ बैशाख




नेपाल ओलम्पिक कमिटीले पछिल्लो परिस्थीतिबारे भर्चुअल बैठक गरेको छ । ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठको पहलमा विहीबार मानार्थ अध्यक्ष, सल्लाकाहरु, कमिसनका अध्यक्षहरुसँग छलफल गरिएको हो । विश्वव्यापी रुपमा कोरोनाको महामारी जारी रहेकाले अहिले नेपालसहित अधिकांश देशहरु लकडाउनमा छन् ।

जसका कारण खेलकुद गतिविधिहरु पनि ठप्प छन् । यस्तोमा नेपाल ओलम्पिक कमिटीले घरमै बसिरहेका खेलाडीहरुलाई कसरी मेन्टली र फिजिकलीरुपमा फिट राख्न सकिन्छ भन्ने विषयमा छलफल गरेको जनाएको छ । ओलम्पिक कमिटीका अध्यक्ष श्रेष्ठले टोकियो ओलम्पिक पनि १ वर्ष पर सरेको र अहिले खेलाडीहरु निराश हुने वातावरण भएकाले उनीहरुसँग निरन्तर सम्पर्कमा रहेर कसरी भर्चुल अभ्यास गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न विहीबारको बैठक गरिएको बताए ।

यसअघि ओलम्पिकको वाइल्डकार्डको अपिल गरेका खेलाडीहरुलाई यसअघि एक हप्ता अनलाईन कक्षा सञ्चालन गरिएको बताउँदै अध्यक्ष श्रेष्ठले उनीहरुलाई मनोबैज्ञानिक कक्षा दिइएको बताए ।

बिहीबारको बैठकमा लकडाउन लम्बिए कसरी आगामी दिनमा खेलाडीहरुलाई प्रशिक्षण गराउने भन्ने विषयमा छलफल भएको बताए । छलफलमा सहभागीहरुले लकडाउन अन्त्य भए पनि सामाजिक दूरी कायम राखी क्लोज क्याम्प शुरु गर्नुपर्ने सुझाव आएको जानकारी दिए । यसैगरी अबको प्रशिक्षणमा गत बर्ष काठमाडौंमा भएको १३ औं दक्षिण एशियाली खेलकुद सागमा पदक विजेताहरुलाई पनि सहभागी गराउनु पर्ने सुझाव पनि आएका बताए ।

यस्तै अहिलेसम्म भएका गतिविधिहरु प्रभावकारी भएको र पहिलो कुरा सबैले जीवन रक्षामा ध्यान दिँदै खेलकुदलाई अघि बढाउनु पर्नेमा जोड दिइएको पनि अध्यक्ष श्रेष्ठले बताए ।

# आर्थिक सहयोग नरोक्न विश्व स्वास्थ्य संगठनको अमेरिकालाई आग्रह




**जेनेभा, एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का महानिर्देशक टेड्रोस अधानोम घेब्रेयासुसले बुधबार संयुक्तराज्य अमेरिकासमक्ष संगठनलाई प्रदान गरिँदै आएको आर्थिक सहयोग नरोक्न र पूर्ववर्ती निर्णयमा पुनर्विचार गर्न आग्रह गरेका छन् ।

संगठनको मुख्यालय जेनेभामा आयोजित पत्रकार सम्मेलनका क्रममा महानिर्देशक टेड्रोसले संयुक्तराज्य अमेरिकाले संगठनका कार्यहरुलाई पुनः सहयोग गर्ने एवं मानिसको जीवन बचाउने कार्यलाई निरन्तरता दिने विश्वास व्यक्त गरे ।

उनले संयुक्तराज्य अमेरिकाले विश्व स्वास्थ्य संगठनलाई निरन्तर मद्दत गरिरहेको र अमेरिका नै संगठनलाई आर्थिक मद्दत गर्ने पहिलो नम्बरको मुलुक रहेको बताउँदै भने, "हामी अमेरिकाको त्यस सहयोगलाई भुल्न सक्दैनौं, र त्यसप्रति उच्च सराहना गर्दछौं ।"

इथियोपियामा अमेरिकी सहयोगकै कारण स्वास्थ्य प्रणालीमा सुधार हुन सकेको दृष्टान्त दिँदै निकै भावुक मुद्रामा महानिर्देशक टेड्रोसले भने, "मलाई आशा छ संयुक्तराज्य अमेरिकाले गरेको यो सहयोग अरुका लागि मात्र लगानी होइन, स्वयम् अमेरिकी जनताको स्वास्थ्यका लागि पनि हो ।"

गत साता अमेरिकी ट्रम्प प्रशासनले विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरस फैलिएका बारेमा सूचनाहरु लुकाएको र संगठनले चीनको पक्ष लिएको भन्दै संगठनलाई दिइआएको आर्थिक सहयोग रोक्ने घोषणा गरेको थियो । अमेरिकी अधिकारीहरुले संगठनको भूमिकाका बारेमा पुनः मूल्याँकन गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन् ।

अमेरिकाले हाल विश्व स्वास्थ्य संगठनलाई वार्षिक करिब ५० करोड अमेरिकी डलर प्रदान गरिरहेको छ । चीनले डब्लुएचओलाई करिब ४ करोड डलर दिँदै आएको छ ।

कोरोनाभाइरसको जोखिम उच्च रहेपनि चीन र अरु मुलुकबाट अमेरिकातर्फ हुने यात्रामाथि प्रतिबन्ध लगाउने अमेरिकी निर्णयप्रति डब्लुएचओले आलोचना गरेको राष्ट्रपति ट्रम्पले आरोप लगाउँदै आएका छन् ।

# म्याराडोनाको त्यो विवादस्पद १९८६ को गोल




**काठमाडौं, एजेन्सी–** विश्व खेलकुदमा फुटबल सर्वाधिक चर्चित खेल हो । फुटबलमा नतिजा भनेकै गोलबाट हुने गर्छ । निर्धारित समयभित्र गोलबाट नतिजा निस्किएन भने समय थप गरिन्छ भने त्यतिबेला पनि भएन भने पेनाल्टी सुटआउट देखि सडन डेथसम्म पुगेर हार र जीतको टुंगो लाग्छ ।

विश्वकप फुटबलमा अर्जेन्टिनाका डिएगो म्याराडोनाले गरेको गोल अहिलेसम्मकै सर्वाधिक विवादस्पद गोल मानिन्छ । क्वार्टरफाइनलमा इंग्ल्याण्डविरुद्ध म्यारोडोनाले गरेको गोल निकै विवादित मानिन्छ र त्यही गोलका कारण म्याराडोनोलाई 'ह्यान्डस अफ गड' को पनि उपमा दिइएको हो । मेक्सिकोमा भएको उक्त खेलमा इंग्ल्याण्ड र अर्जेन्टिनाबीचको खेल निकै नै प्रतिस्पर्धात्मक बनेको थियो । पहिलो हाफमा गोल नभएको खेलमा दुवै टिमले दोस्रो हाफमा एक एक गोल गरेपछि झनै रोमाञ्चक बनेको थियो । तर खेल सकिन ६ मिनेट बाँकी रहेका बेला म्याराडोनाको खुट्टामा बल उनका साथी होर्गे बेल्डेनोले पास दिए । बलमा नियन्त्रण गुमाइसकेको अवस्थामा इंग्ल्याण्डका लेफ्ट मिडफिल्डर स्टीव हजले किलियर गर्न सकेनन् । उनले आफ्नै किपरलाई दिएको बलमा म्यरोडोना विजुलीजसरी आएर बल आफ्नो नियन्त्रणमा लिए । त्यसबेला उनले हेडर गोल गर्ने प्रयास गरेका थिए । तर उनले हेड गर्नुभन्दा पहिला हातले बल छोएर पोस्टको जाली चुमाए । त्यसपछि खेलमा अर्कै माहोल भयो । उक्त गोललाई मान्यता नदिन इंग्ल्याण्डका खेलाडीहरुले रेफ्रि अली बिन नेस्सेरसँग अपिल गरेका थिए । रेफ्रीले इंग्ल्याण्डका खेलाडीको कुरा सुनेनन र अर्जेन्टिना अन्ततः क्वाटरफाइनलमा २-१ ले विजयी हुँदै सेमिफाइनल पुग्यो । सोही विश्वकप अर्जेन्टिनाले नै जितेको थियो ।

म्याच पछि रेफ्री नेस्सले यस विषयमा आफूले ह्याण्ड भएको नदेखेको बताएका थिए । साथै अर्का रेफ्ररी डाचेबले पनि कुनै इसारा नगरेकाले गोलको मान्यता दिएका बताए ।

यस्तै म्याराडोनले पनि गोल गरेपछि खेलाडीहरु उनीसँग आउने मानेनका थिएनन । उनैले चिच्चाएर आफ्ना साथीहरुलाई बोलाए । उनलाई के थाहा थियो भने अरु खेलाडी आएनन भने यो गोललाई रेफ्रीले पनि मान्यता दिने थिएनन् । यस विषयमा सन् २००५ मा म्याराडोनाले उक्त गोल ह्याण्ड नै रहेको बताएका थिए । अन्तिम अवस्थामा आफूले जानी बुझिनै यस्तो गरेको बताएका थिए ।

# अमेरिकामाथि हमला भयो : ट्रम्प




**न्युयोर्क, एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोना भाइरसको महामारी अमेरिकामाथिको हमला भएको बताएका छन् ।

राष्ट्रपति कार्यालय व्हाइड हाउसमा आयोजित पत्रकार सम्मेलनमा कुराकानी गर्दै उनले भने, 'हामीमाथि हमला भएको छ । यो कुनै प्रकारको फ्लु हैन । कसैले पनि आजसम्म यस्तो देखेको छैन । पछिल्लो पटक यस्तो १९१७ मा देखिएको थियो ।'

ट्रम्पले आफ्ना् देशमा सबै कुरा सामान्य बनाउनका लागि संघर्ष गरिरहेको बताएका छन् । अमेरिकामा कोरोना भाइरसका कारण ४७ हजार ९ सय भन्दा बढीको मृत्यु भइसकेको छ भने ८ लाख ५५ हजारभन्दा बढी संक्रमित भइसकेका छन् ।

ट्रम्पलाई जनता र व्यापारलाई सहयोग पुर्याउनका लागि खर्बौं रुपैयाँको राहत प्याकेज घोषणा गरिएको भएपनि राष्ट्रिय ऋण बढिरहेकोबारे जिज्ञासा राखिएको थियो ।

यसको जवाफमा ट्रम्पले भने, 'हामीसँग कुनै विकल्प छैन । म यो अवस्थालाई सामान्य बनाउने विषयमा चिन्तित छु । हामी संसारको सबैभन्दा ठूलो अर्थव्यवस्था हौं । चीनभन्दा पनि राम्रो, हरेक क्षेत्रमा राम्रो । हामीले पछिल्लो तीन वर्षमा बनाएका हौं । हामीले एक पटक बन्द गर्नुपर्‍यो । अब हामी पुनः खोल्दै छौं र हामी पहिलेभन्दा बलियो हुँदैछौं ।'

उनले अमेरिकाले आफ्नो एयरलाइन्स, केही कम्पनी बचाएको दाबी गरेका छन् । देशभर कोरोना भाइरस संक्रमणमा कमी आएको उनको भनाई थियो ।

# बंगलादेशमा लकडाउन वैशाख २३ गतेसम्म बढ्यो

**ढाका, एजेन्सी–**बंगलादेश सरकारले कोरोनाभाइरस संक्रमित संख्या बढेको भन्दै देशव्यापी लकडाउनलाई आगामी वैशाख २३ गतेसम्म लम्ब्याएको छ । बंगलादेशका सामान्य प्रशासन राज्यमन्त्री फरहाद होसेनले कोरोनाभाइरसको विस्तार रोक्न लकडाउन एकमात्र उपयुक्त विधि देखिएको भन्दै बिहीबार नै यससम्बन्धी सूचना राजपत्रमा प्रकाशन गरिएको बताए । कोरोनाभाइरस महामारीको अवस्थामा सामाजिक दूरी सुनिश्चित गर्न सरकारले मार्च २६ देखि १० दिनका लागि सार्वजनिक विदा दिएको थियो ।

कोरोनाको संक्रमण बढ्दै गएसँगै उक्त विदालाई क्रमशः विस्तार गर्दै अप्रिल २५ सम्म पु-याइएको थियो । अर्को सातासम्ममा मानिसको आवातजावत, सार्वजनिक यातायातको बन्दाबन्दी तथा सबै व्यवसाय बन्द गरिएको एक महिना पुग्नेछ ।

# भारतमा कोरोना संक्रमितको संख्या २१ हजारबढी



**नयाँ दिल्ली, एजेन्सी–** गएको २४ घन्टायता भारतमा एक हजार ४०९ कोरोना भाइरसका नयाँ संक्रमित थपिएका बिहीबार जनाइएको छ ।बिहीबार बिहानको तथ्यांकअनुसार भारतमा 'कोविड १९' का संक्रमितहरूको संख्या २१ हजार ३९३ जना पुगेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । उक्त मन्त्रालयका अनुसार भारतभर गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ४१ जना रहेको छ । योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ६८१ पुगेको छ ।

भारतमा देखिएका यी संक्रमितहरूमध्ये ४ हजार २५७ जना भने उपचारपछि निको भएर फर्किएका छन् । मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ १६ हजार ४५४ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन् । शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । बुधबार पनि यो क्रम जारी नै रहेको उक्त मन्त्रालयले जानकारी दिएको छ ।

महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या ५ हजार ६५२ जना पुगेको उक्त मन्त्रालय बताएको छ । यसैबीच महाराष्ट्रमा २६९ जनाको निधन भएको छ ।

महाराष्ट्रपछि दिल्ली र गुजरातमा यस भाइरसको संक्रमण उच्च मात्रमा देखिएको छ । कल्याण मन्त्रालयले आज दिएको जानकारीअनुसार दिल्लीमा २ हजार २४८ र गुजरातमा २ हजार ४०७ मा कोरोना भाइरसको संक्रमण देखिएको छ ।

भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । भारतको राजस्थान, तामिलनाडू, मध्यप्रदेश र केरला राज्यमा उच्च संख्या कोरोना संक्रमित रहेका जनाइएको छ ।

भारतमा संक्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोविड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना घोषणा गरेको २१ दिने लकडाउनको अवधि समाप्त हुँदै गरेको अवस्था पुनः १९ दिनको लकडाउनलाई जोडिएको घोषणा गरेका थिए ।


# कोलकतामा कोरोना संक्रमित आमाले स्वस्थ शिशु जन्माइन्

**कोलकाता, एजेन्सी–** भारतको पश्चिम बंगालस्थित एक अस्पतालमा एकजना कोरोना संक्रमित आमाले स्वस्थ बच्च जन्माएकी छिन् । उनी कोरोनाको संक्रमण भएपछि अस्पतालमा उपचाररत छिन् । उनले जन्माएको शिशुमा कोरोना संक्रमण भए नभएको परीक्षण गरिएको थियो । तर ती शिशुको परीक्षणबाट उनको रिपोर्ट नेगेटिभ आएको बताइएको छ । पश्चिम बंगालको उलुबेरिया भन्ने स्थानमा रहेको अस्पतालमा उनले शिशु जन्माएकि हुन् । शिशुमा कोरोनाको संक्रमण देखिएको छैन र उनलाई आमाभन्दा छ फिट पर राखिएको जनाइएको छ ।

आमा र नवजात शिशुको उपचारका लागि उक्त अस्पतालले चिकित्सकहरुको विशेष टोली खटाएको जनाएको छ । उक्त टोलीमा प्रसुती रोग विशेषज्ञहरुका साथै भाइरल रोगका विशेषज्ञहरु पनि रहेका बताइएको छ ।

समाचारमा जनाइएअनुसार ती आमाले जन्म दिने नवजात शिशुमा पनि कोरोनाको संक्रमण हुने हो कि भन्ने ठूलो त्रासमा त्यहाँका चिकित्सक र स्टाफ नर्सहरु रहेका थिए । तर पनि सोमबार बिहान बच्चा जन्मिएपछि उनको परीक्षणबाट ती शिशु संक्रमित नरहेको समाचारले भने अस्पतालमा खुशी दिलाएको बताइएको छ । त्यसैले ती शिशुलाई पनि सामाजिक दुरी कायम गरेर आमाभन्दा ५ फिट पर राखिएको छ भने आमा र बच्चाको स्याहार र उपचारमा चिकित्सकहरुको विशेष टोली खटाइएको छ । ती आमाले सोमबार बिहान शिशुलाई जन्म दिएकी हुन् । नवजात शिशु २.५ किलोग्राम वजनको र स्वास्थ्य अवस्थामा रहेको सो अस्पतालले जनाएको छ । त्यस अस्पतालमा अरु पनि कोरोनाका संक्रमितहरुको उपचार जारी रहेको सो अस्पतालले जनाएको छ । ती आमालाई उक्त शिशुलाई दुध चुसाउन दिइएको छ । आमा छोराको उपचार र हेरचाहका लागि अस्पतालका केही कर्मचारी खटाइएको छ । शिशु र उनको आमालाई उनको बुबाले भिडियो कन्फन्सिङमार्फत हेर्ने व्यवस्था मिलाइएको थियो । सुत्केरीका आफन्तहरुलाई भने अस्पताल आउन दिइएको छैन ।

# सचिनले जन्मदिन नमनाउने



**काठमाडौं, एजेन्सी–** महान ब्याट्सम्यान सचिन तेन्दुलकरले यसवर्षको जन्म दिन नमनाउने भएका छन् । उनले अहिले विश्वव्यापी कोरोनाको महामारी बढीरहेका बेला महामारीविरुद्ध अग्रमोर्चामा लडिरहेका प्रहरी, चिकित्स र कोरोना पिडीतको सम्मानका लागि आफूले जन्मदिन नमनाउने फैसला गरेको बताएका छन् ।

समाचार एजेन्सी पीटीआईका अनुसार सचिनले उत्सबको रुपमा आफूले जन्म दिन मनाउने योजना नबनाएको बताइएको छ । सचिनको जन्म दिन २४ अप्रिल अर्थात शुक्रबार हो । उनको जन्म १९७३ अप्रिल २४ मा मुम्बईमा भएको थियो ।

सचिन ४७ वर्षका भएका छन् । अन्तराष्ट्रिय क्रिकेटमा शतकका शतक बनाएका सचिनले कोरोनाविरुद्धको महामारीमा ५० लाख रुपैयाँ पनि सहयोग गरेका छन् । सचिनको नाममा ५१ टेस्ट शतक र ४९ एक दिवसीय शतक रहेको छ । २०० टेस्ट तथा ४६३ एक दिवसीय क्रिकेट खेलेका सचिनले सन् २०१२ मा सन्यास लिएका थिए ।

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# बाझिए बैंकर्सका २ संगठन

## संचालकको निर्णय नमान्ने सीईओहरुको अडान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ बैशाख



वाणिज्य बैंकहरुका प्रमुख कार्यकारी अधिकृत (सीइओहरु) को संस्था नेपाल बैंकर्स संघ र बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरुको संगठन बाझिएका छन । नेपाल बैंकर्स संघले संचालकहरुको संगठनले गरेको निर्णय कार्यान्यनमा ल्याउन नसकिने बताए पछि दुई संगठन बाझिएका हुन् । बिहीबार बसेको बैंकर्स संघको बैठकले बैंक सञ्चालकहरुको छाता संगठन बैंक तथा वित्तीय संस्था परिसंघले गरेको निर्णय लागू गर्न नसकिने स्पष्ट पारेको हो । संघका अध्यक्ष भुवन दाहालले राष्ट्र बैंकको निर्देशन बैंकहरुले पालना गर्नुपर्ने भएकाले अध्यक्षहरुको संस्थाको निर्णय कार्यान्वयन गर्न नसकिने बताए । परिसंघले संघसँग सल्लाह नै नगरि ऋणीलाई विभिन्न राहत प्याकेज घोषणा गरेको थियो । संघको बैठकले भने परिसंघको निर्णय कार्यान्वयन गर्न प्राविधिक र कानुनी हिसाबले समेत अप्ठेरो हुने निष्कर्ष निकालेको हो । साथै, संघको बैठकले राष्ट्र बैंकले भनेको मात्र मान्ने सहमति गरेको छ ।

बैठकमा राष्ट्र बैंकले बनाएको समितिले प्रतिवेदन दिएपछि आउने निर्देशनका आधारमा बैंकहरुले काम गर्ने पनि सहमति भएको छ । बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरुको संगठनले वैशाख मसान्तसम्म मासिक तथा त्रैमासिक किस्ता भुक्तान गरेमा ब्याजमा १० प्रतिशत छुट दिने, थप जरिवानामा पनि शतप्रतिशत छुट दिने निर्णय गरेको थियो । साथै, लगानीको स्रोत नखोज्न पनि सरकारसँग उसले माग गरेको थियो । तर यसलाई कार्यान्वयन गर्न नसकिने संघका अध्यक्ष दाहालले बताए । राष्ट्र बैंकले अनुसन्धान विभागका कार्यकारी निर्देशक गुणाकर भट्टको संयोजकत्वमा कमिटी नै बनाएर वित्तीय क्षेत्रको वर्तमान अवस्थाका बारेमा अध्ययन अनुसन्धान गरिरहेको छ । उक्त कमिटीको रिपोर्टपछि राष्ट्र बैंकले थप प्याकेज ल्याउने अनुमान गरिएको छ ।

बैंकर्स संघसँग परामर्श नै नगरी ब्याज छुट दिने निर्णय गरेको भन्दै परिसंघसँग प्रमुख कार्यकारी अधिकृतहरुले असहमति राखिरहेका थिए । बिहीबार भने औपचारिक रुपमै संघले परिसंघको निर्णयमाथि प्रश्न उठाएको हो ।

# ७८ हजार मेट्रिक टन खाद्यान्न आयात: चार सय ट्रक बाहिरिए



**काठमाडौं, रासस–** लकडाउन शुरु भएपछिको २९ दिनमा ७८ हजार मेट्रिक टन खाद्यान्न आयात भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार गत चैत ११ देखि यही वैशाख १० गतेसम्म ७७ हजार ५७८ मेट्रिक टन खाद्यान्न आयात भएको हो ।

सो समयमा २४ हजार २१८ मेटन दलहन, ४० हजार ९९ मेटन तरकारी, दश हजार ८१८ मेटन फलफूल र दश हजार ९९६ मेटन दुग्धजन्य पदार्थ आयात गरिएको छ । त्यस्तै रु ९७ करोड ६९ लाख ७६ हजार बराबरको तयारी औषधि र रु २१ करोड ९१ लाख १६ हजार बराबरको कच्चा पदार्थ आयात भएको छ ।

मन्त्रालयको तथ्यांकानुसार लकडाउनको पहिलो हप्ताको तुलनामा दोस्रो र तेस्रो हप्ता आयात वृद्धि भएको छ । तेस्रो हप्तामा खाद्यान्न, दुग्धजन्य पदार्थ र तयारी औषधिको आयात बढेको छ। दलहन, तरकारी, फलफूल र औषधिको कच्चा पदार्थ आयात घटेको छ ।

सबैभन्दा धेरै दुग्धजन्य पदार्थ ११७ दशमलव ४ प्रतिशतले आयात बढेको छ। त्यसपछि तयारी औषधि ६८ दशमलव ८ प्रतिशत र खाद्यान्न ३७ दशमलव ७ प्रतिशतले बढेको छ । फलफूल ३४ दशमलव ३ प्रतिशत, दलहन २४ दशमलव ४ प्रतिशत, तरकारी ४ दशमलव ५ प्रतिशत र औषधिको कच्चा पदार्थ २ प्रतिशतले घटेको छ ।

भारतको पश्चिम बंगाल सरकारले आफ्ना सबै नाका बन्द गरेकाले गत चैत २७ गतेपछि झापाको काँकडभिट्टा नाकाबाट सामान आयात तथा निर्यात ठप्प भएको छ । लकडाउनका अवधिमा वीरगञ्ज एकीकृत जाँचचौकीबाट २३० ट्रक भित्रिएको र १७९ ट्रक बाहिरिएको तथा ६८३ ट्रक रोकिएका छन् । त्यस्तै वीरगञ्ज सुख्खा बन्दरगाहबाट नब्बे ट्रक भित्रिएको, सात ट्रक बाहिरिएको र तीन हजार १५५ ट्रक रोकिएका छन् ।

भैरहवा नाकावाट १२४ ट्रक भित्रिएको, १५४ ट्रक बाहिरिएको र हाल २३४ ट्रक रोकिएका छन् । विराटनगर एकीकृत जाचँचौकीमा १०२ ट्रक भित्रिएको, १०३ ट्रक बाहिरिएको र १०१ ट्रक उतै रोकिएका छन्। विराटनगर सुख्खा बन्दरगाहमा आठ ट्रक र काकरभिट्टा नाकामा २८ ट्रक रोकिएका छन् ।

तातोपानी नाकाबाट यही वैशाख ४ गतेयता पाँच कन्टेनर र एक ट्रक औषधिजन्य पदार्थ नेपाल भित्रिएका छन् । वैशाख ४ गते एक ट्रक, वैशाख ६ गते एक कन्टेनर र वैशाख ७ गते चार कन्टेनर नेपाल भित्रिएका छन् । चीनमा कोराना भाइरसको संक्रमण बढेपछि गत माघ १३ गतेदेखि बन्द तातोपानी नाका नेपाल सरकारले चैत १२ गते अत्यावश्यक सामान ल्याउनका लागि खोल्ने निर्णय गरेको थियो ।

# पञ्चकन्या समुहमा कार्यरत कर्मचारीद्वारा १२० जनालाई राहत प्रदान

**काठमाडौं/मस-**पञ्चकन्या समुहमा कार्यरत कर्मचारीले रुपन्देहीको तिलोत्तमा नगरपालिका १५ कोटिहवामा रहेको उद्योगमा कार्यरत मजदुर तथा वडाका बिपन्न समुदायलाई राहत वितरण गरेका छन् । कोरोना भाईरसका कारण सरकारले जारी गरेको लकडाउनमा मजदुरलाई दैनिक जीवन यापनमा समस्या परेको भन्दै मजदुरहरुलाई राहत प्रदान गरिएको हो। उद्योगमा कार्यरत ६० जना मजदुर र उद्योग रहेको तिलोत्तमा नगरपालिका वडा नम्बर १५ का ६० जना बिपन्न परिवारलाई राहत प्रदान गरिएको समुहका महाप्रबन्धक देवेन्द्र साहुले जनाए। टोल बिकास संस्था र वडा कार्यालयको सिफारिसमा वडाका बिपन्न परिवारलाई राहत प्रदान गरिएको हो ।

पञ्चकन्या समूहमा कार्यरत कर्मचारीहरुले प्रति व्यक्ति १० केजि चामल, ५ केजि आटा, ५ केजी आलु, २ केजि चीउरा, २ केजि दाल, १/१ प्याज, नुन, तेल, सावुन लगाएतका सामाग्री प्रदान गरिएको हो । पञ्चकन्याका महाप्रबन्धक साहु, वडा नम्बर १५ का वडा अध्यक्ष खेमराज गुरुङ, वडा सदस्यहरु, टोल बिकास सस्थाका प्रतिनिधिहरु लगाएतको सहभागितामा राहत बितरण गरिएको हो । राहत वितरण कार्यक्रममा सामाजिक दुरी कायम गरी गरिएको थियो। लकडाउनमा परेर खान नपाएका बिपन्न परिवारलाई अन्य दिनहरुमा पनि राहत प्रदान गरिने जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

कर्मचारीहरुले केहि दिन अगाडि उद्योगमा कार्यरत कर्मचारीले चैत्र महिनाको आफ्नो पारिश्रमीकबाट केहि दिनको रकम कट्टा गरेर तिलोत्तमा नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा सहयोग समेत गरेका छन्। बिश्वमै माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) बाट समस्यामा परेका मजदुर तथा बिपन्न परिवारलाई राहत प्रदान गर्न सहयोग पुऱ्याउने उद्धेश्यले ५ लाख रुपैया सहयोग गरेका हुन् ।

# २ वर्षमै बाहिरिए ज्योति बैंकका सिईओ मनोज ज्ञवाली



**काठमाडौं/मस-**ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृतबाट मनोज ज्ञवाली बाहिरिएका छन् । चार वर्षे कार्यकालका लागि नियुक्त भएका उनले दुई वर्ष बाँकी छँदै बैंक छाडेका हुन् । चार वर्ष कार्यकाल भए पनि दुई वर्षमा पुनरावलोकन गर्ने बैंक सञ्चालक समिति र उनीबीच सहमति थियो । त्यसै अनुसार दुवै पक्षले बाँकी दुई वर्ष निरन्तरता दिन चाहेनन्। उनी १५ गतेबाट बिदा हुने छन् ।

कृष्णबहादुर कुँवरको दुई कार्यकाल पूरा भएर बाहिरिएपछि ज्ञवालीलाई कामु प्रमुख कार्यकारीको जिम्मेवारी दिइएको थियो। त्यसअघि उनी डेपुटी कार्यकारी प्रमुख थिए। चार्टर्ड एकाउन्टेन्ट ज्ञवालीसँग नियामक नेपाल राष्ट्र बैंकमा समेत काम गरेको अनुभव छ । उनको बैंकिङ तथा पुँजी बजारमा करिब २१ वर्षको अनुभव छ । उनले केन्द्रीय बैंकको कोष ब्यवस्थापनमा चार वर्ष काम गरेका थिए । त्यसपछि वाणिज्य बैंकहरुमा उनले काम गरेका थिए। उनी मूख्य वित्त अधिकृत, सञ्चालन प्रमुखलगायत भएर माथिल्लो ब्यवस्थापनमा बसेर काम गरेका थिए। ग्लोबल आइएमइ बैंक र इन्भेष्टमेन्ट बैंकिङ कम्पनीमा काम गरेको पनि उनीसँग अनुभव छ। यसैगरी उनी जलविद्युत विकास कम्पनीमा काम गरेको पनि अनुभव छ ।

# तानसेन सिमेन्टद्वारा नवलपरासीलाई ४ लाख सहयोग



**काठमाडौं/मस-**विश्वव्यापी महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस (कोभिड-१९) को सम्भावित संक्रमणको जोखिम रोकथाम एवं नियन्त्रणका लागि पाल्पा सीमेन्टद्वारा पश्चिम नवलपरासी सुनवल नगरपालिका वडा नम्बर ७ मा किटनासक औषधी छर्ने काम सम्पन्न भएको छ। सुनवल नगरपालिका ७ का वडा अध्यक्षको अगवाईमा र सिसाहानी मा अबस्थित पाल्पा तानसेन सीमेन्ट को सहयोग मा वडाका सम्पूर्ण ठाउँमा बिषादि छरिएको छ । खानी स्थल प्रभावित क्षेत्रमा सहयोग गर्नका लागि भनेर पाल्पा सिमेन्टले ४ लाख १ हजार रुपैयाँको चेक माथागढी गापाका कार्यकारी प्रमुखलाई हस्तान्तरण गरेको हा ।

साथै, सुनवल नगरपालिकाको दैवी प्रकोप उद्दार विशेष कोषमा जम्मा हुने गरि पाल्पा सिमेन्टले २ लाख ११ हार १११ रुपैयाँ सहयोग गरेको छ । उक्त सहयोग रकम सुनवल नगरपालिकाका प्रमुख भीम बहादुर थापा , वडा नम्बर ३ र ५ का अध्यक्ष कर्ण बहादुर सेन र थमन सिंह नेपालीलाई उक्त समुहका पिआर मेनेजर जीवन प्रकाश निरौला लगायतका पदाधिकारीहरुले हस्तान्तरण गरे ।

# कोरोना कोषमा सगरमाथा इन्स्योरेन्सको १६ लाख सहयोग



काठमाडौं/मस- सगरमाथा इन्स्योरेन्स कम्पनीले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा १६ लाख रुपैयाँ सहयोग गरेको छ। विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसविरुद्ध सरकारले स्थापना गरेको कोषमा सगरमाथा इन्स्योरेन्सले १६ लाख रुपैयाँ सहयोग गरेको हो ।

इन्स्योरेन्सका तर्फबाट कम्पनीका कार्यकारी प्रमुख चंकी क्षेत्री र वरिष्ठ प्रवन्धक गणेश ढकालले बिहीबार १६ लाख रुपैयाँ बराबरको चेक सहयोग स्वरुप हस्तान्तरण गरेका हुन् ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**